# आठबीस नगरपालिका

# स्थानीय राजपत्र


| | | |
|---|---|---|
| खण्डः ९ | संख्याः३ | मितिः२०८२।०८।२२ |


## भाग-१

**आठबीस नगरपालिका, नगर कार्यपालिकाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

### आठबीस नगरपालिका संघ संस्था दर्ता सम्बन्धी ऐन, २०८२

**प्रस्तावनाः** स्थानीय स्तरमा स्थापना भएका सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गरी नियमन गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित) को दफा ११ को उपदफा (४) (ठ) ले प्रदान गरेको अधिकार कार्यान्वयनको लागि नेपालको संविधानको धारा २२६ बमोजिम आठबीस नगरपालिकाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१ . संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “संघ संस्था दर्ता सम्बन्धी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

(३) यो ऐन आठबीस नगरपालिका भित्र लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले “संघ संस्था दर्ता सम्बन्धी ऐन, २०८२" सम्झनु पर्दछ।

(ग) "कार्य समिति” भन्नाले संस्थाको विधान अनुसार गठन भएको सञ्चालक समिति सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले आठबीस नगर कार्यपालिका सम्झनु पर्दछ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(च) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक विकास कार्यमा प्रचलित कानुन बमोजिम सहयोग गर्ने विकास साझेदार सस्था सम्झनु पर्दछ।

(छ। "न्यायिक समिति" भन्नाले नेपालको संविधानमा व्यवस्था भए बमोजिम आठबीस नगरपालिकाको न्यायिक समिति सम्झनु पदर्छ।

(ज) "विधान" भन्नाले यो ऐन अनुसार दर्ता हुने संस्थाको विधान भन्ने सम्झनु पर्दछ।

(झ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र, समूह आदि सम्झनु पर्दछ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ।

(ञ) "सम्बन्धित कर्मचारी" भन्नाले प्रशासन शाखामा कार्यरत कर्मचारी सम्झनु पर्दछ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठबीस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ठ) "स्थानीय सरकार" भन्नाले आठबीस नगरपालिका सम्झनु पर्दछ।

## परिच्छेद - २
## संघ संस्था दर्ता तथा नवीकरण

**३. दर्ता नगरी संस्था स्थापना नहुनेः** (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि आठबीस नगरपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न हुँदैन।

(२) संविधान र प्रचलित कानुनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन साथै यस दफाको प्रतिकूल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ।

**४. संस्थाको दर्ताः** (१) संस्था स्थापना गर्न चाहने ९ देखि वढीमा १५ जना व्यक्तिहरुले आवश्यकता अनुसार पदाधिकारी राखी संस्था सम्बन्धी देहायको विवरण खुल्ने विधानको दुई प्रति र तोकिएको दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेसा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना,

(२) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न भएको हुन पर्नेछ। निवेदनको ढाँचा अनुसूची -१ अनुसार हुनेछ।

(क) सम्बन्धित वडाको सिफारिस (कार्य समितिको नामावली सहित)

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको विधान (कार्य समितिका सदस्यहरु सबैको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको)

(घ) कार्य समिति गठन भएको माइन्युटको प्रतिलिपि,

(ङ) आठबीस नगरपालिका क्षेत्रभित्र शाखा खोल्नका लागि संस्थाको विनियम भित्रको कार्यक्षेत्र भएको हुनु पर्नेछ साथै वार्षिक साधारण सभाबाट शाखा खोल्ने निर्णय भएको र संस्थाले कर चुक्ता गरेको हुनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित निकाय मार्फत संस्थाका कार्यसमिति सदस्य पदाधिकारीहरुको चारित्रिक विवरण समेत आवश्यक जाँचबुझ गरी संस्था दर्ता सम्बन्धी आवश्यक कारवाही गर्न सम्बन्धित कर्मचारीलाई निर्देशन दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता किताबमा अभेलेख राखि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ। संस्था दर्ता किताबको नमूना अनुसूची - २ बमोजिमको ढाँचामा हुनेछ।

(५) यस दफा अन्तर्गत दिइने दर्ता प्रमाणपत्रको ढांचा अनुसूची - ३ बमोजिमको हुनेछ र सो बापत लाग्ने दर्ता तथा नवीकरण दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(६) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनु पर्नेछ।

(७) उपदफा (२) को खण्ड (ग) बमोजिम संस्थाको विधानको ढांचा अनुसूची - ४ वमोजिम हुनेछ।

**५ . संगठित संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले ब्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र नगर कार्यपालिकाको अनुमति लिई बेचविखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

**६. अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नवीकरण गर्नेः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम आठबीस नगरपालिका क्षेत्रमा केन्द्रीय कार्यालय रहेका संस्थाहरुले तोकिएको दस्तुर बुझाई नवीकरण गरेमा यसै ऐन अनुसार दर्ता भएको मानिनेछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानूनबमोजिम अन्यत्र दर्ता भएका र हाल आठबीस नगरपालिका क्षेत्रमा कार्य गर्न चाहने सबै संस्थाहरुले नगरपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गरी ऐनको दफा ४ को उपदफा (१) र (२) वमोजिम निवेदन दिई प्रमुख प्रशासकीय अधिकृतबाट शाखा दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्। यसरी शाखा प्रमाणपत्र प्राप्त गरेपछि मात्र नगरपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ।

**७. नवीकरण र प्रतिवेदन सम्बन्धी व्यवस्थाः** (१) दर्ता भएका संस्थाहरुले वार्षिक नवीकरण गराउनु पर्नेछ। नवीकरणका लागि दिइने निवेदनमा वार्षिक प्रगति प्रतिवेदन, गत आर्थिक बर्षको मान्यता प्राप्त लेखापरिक्षकबाट प्रमाणित लेखापरिक्षण

प्रतिवेदन, नवीकरण सम्बन्धि कार्य समितिको निर्णय, कार्य समिति गठन गरिएको साधारण सभाको निर्णय, वडा कार्यालयको सिफारिस र कार्यालयले तोकेका अन्य आवश्यक कागजपत्रहरु अनिवार्य रुपमा संलग्न भएको हुन पर्नेछ।

(२) नवीकरण दस्तुर नगरपालिकाले तोकेबमोजिमको हुनेछ।

**८. संस्थाको उद्देश्यहरुमा हेरफेरः** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थाले कुनै अर्को संस्थामा गाभिन उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। तर सो प्रस्ताव लागू गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद - ३
## समन्वय तथा परिचालन

**९. समन्वयमा कार्य गर्नु पर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएका संघ संस्था वा नगरपालिकामा कार्यक्षेत्र बनाई प्रदेश तथा संघीय निकायमा दर्ता भएका संघ संस्थाले नगरपालिकासँगको समन्वयमा रही कार्य गर्नु पर्नेछ।

तर कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाले नगरपालिकासँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकासँग समन्वय गर्दा देहाय बमोजिम गर्नु पर्नेछ,

(क) नगरपालिकासँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने,

(ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने,

(ग) नगरपालिकाले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने,

(३) यस दफाको विपरीत कुनै संघ संस्थाले काम गरेमा नगरपालिकाले त्यस्तो काम कारबाहीको कार्यान्वयन गर्न रोक लगाउन सक्नेछ।

(४) संघ संस्थाको समन्वय तथा परिचालन सम्बन्धी कार्यविधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१०. निर्देशन दिनेः** (१) आठबीस नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद - ४
## संस्थाको सम्पत्ति तथा हिसाब सम्बन्धी व्यवस्था

**११. संस्थाको सम्पत्ति** : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्ति कानुनी उपचारमा जान सक्नेछ।

**१२. हिसाबको विवरण पठाउनु पर्नेः** (१) कार्य समितिले आफ्नो संस्थाको लेखापरीक्षण र नवीकरण आश्विन मसान्त सम्म गरि सक्नु पर्नेछ र हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नवीकरण गर्दा सम्बन्धित वडाको सिफारिस सहित नगरपालिकालाई बुझाउनु पर्नेछ।

**१३. हिसाब जाँच गर्नेः** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

(२) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृत लाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ। तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद - ५
## दण्ड सजाय सम्बन्धी व्यवस्था

**१४. दण्ड सजायः** (१) दफा ४ को (१) र (२) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम शाखा नखोली संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रचलित कानुनअनुसार दण्ड र सजाय दिइनेछ।

(२) दफा १२ बमोजिम हिसाबको विवरण नपठाई वार्षिक नवीकरण नगर्ने संस्थाले प्रतिवर्ष रु १०००। (एकहजार) नवीकरण दस्तुर तिरी आर्थिक वर्षभित्र संस्था नवीकरण गराउन सक्नेछन्। लगातार ५(पाँच) आर्थिक वर्षसम्म पनि नवीकरण नगर्ने संस्था स्वतः खारेज भएको मानिनेछ।

(३) दफा १३ को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत ले संस्थाको साधारण सदस्य समेतबाट निलम्बन गर्न सक्नेछ।

(४) दफा ८ को (१) र (२) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा स्थानीय सरकारले दिएको निर्देशन पालन नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ।

**१५. पुनरावेदनः** दफा १४ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ।

**१६. संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारण वस संस्था बिघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा स्थानीय सरकारमा हुनेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व स्थानीय सरकारले व्यहोर्ने छ।

## परिच्छेद ६
## बिबिध

**१७. प्रचलित कानुन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेः** यस ऐनमा उल्लेख गरिएका बाहेक प्रचलित कानुन वमोजिम हुनेछ।

**१८. नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, नियमावली, मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**१९. खारेजी र बचाउः** (१) यस अघि कार्यान्वयनमा रहेको स्थानीय संस्था दर्ता सम्बन्धि ऐन, नियमावली, कार्यविधि खारेज गरिएको छ । यस अघि दर्ता भएका संस्था यसै ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ।

(२) नेपाल सरकारद्वारा संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता गरी यस नगरपालिकाको भौगोलिक क्षेत्र कार्यक्षेत्र रही सञ्चालनमा रहेका संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ।

(३) यस ऐनमा उल्लेख गरिएका व्यवस्था संघीय कानुन र प्रदेशिक कानुनसँग वाझिएको खण्डमा बाझिएको हद सम्म स्वत निष्कृय हुनेछ।

**अनुसूची -१**
**(दफा ४ को उपदफा (२) संग सम्बन्धित)**
**संस्था दर्ता गर्ने निवेदनको नमुना**

मिति-

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
आठबीस नगरपालिका, दैलेख।

विषय-संस्था दर्ता सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं. ..... को............... टोलमा मिति ................ मा स्थापना संस्थालाई आठबीस नगरपालिकाको कार्यालयमा दर्ता गरिदिन हुन अनुरोध गर्दछु। यस संस्थाको विधान र अन्य आवश्यक कागजात यसै निवेदनसाथ संग्लन गरिएको छ।

निवेदक

प्रस्तावित संस्थाको नाम ठेगानाः

(क) सम्बन्धित वडाको सिफारिस (कार्यसमितिका सदस्यहरुको नाम र ठेगाना समेत खुल्ने गरी)

(ख) कार्यसमितिका सदस्यहरुको नाम, ठेगाना, पेशा, सम्पर्क नम्बर

(ग) कार्यसमिति सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि

(घ) संस्थाको प्रमाणित विधान २ प्रती

(ङ) दफा ४ वमोजिमका अन्य कागजपत्र

**अनुसूची -२**
**(दफा ४ को उपदफा ५ सँग सम्बन्धित)**
**संघ संस्था दर्ता प्रमाण पत्रको नमुना**

आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राकमकर्णाली, दैलेख
कर्णाली प्रदेश, नेपाल

# संस्था दर्ता प्रमाण-पत्र

दर्ता नं...............

मितिः

आठबीस नगरपालिका वडा नं. .......... स्थित .......................................... संस्थालाई यस नगरपालिकाको स्थानीय संघ संस्था दर्ता ऐन २०८२ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्यः संस्था प्रत्येक आर्थिक बर्षमा नविकरण गर्नुपर्ने छ।

संस्थाको नाम र ठेगानाः

| नविकरण गरिएको मिति | मान्य हुने अवधी | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको हस्ताक्षर र छाप | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-३

संस्था दर्ता किताबको नमूनाः

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थको पदाधिकारी एवं सदस्यहरुको नामावली | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची -४

### (दफा ४ को उपदफा ७ सँग सम्बन्धित)

### संघ संस्था विधानको नमुना

### संस्थाको विधान, २०....

प्रस्तावना :

(संघ संस्था दर्ता गर्नुको औचित्यको छोटो पृष्ठभूमि)

सामाजिक, आर्थिक रुपमा सशक्त, सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने तथा मानव विकासमा जुट्ने उद्देश्य लिई यस संस्थाको सञ्चालनको लागि ...............संस्थाको विधान, २०..... आठबीस नगरपालिका संस्था दर्ता ऐन २०८२ को अधिनमा रही तर्जुमा गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संस्थाको नाम :-** .......................हुनेछ। अंग्रेजीमा .................... भनिनेछ।

(क) यस संस्थाको कार्यालय ..................... मा रहनेछ।

(ख) संस्थाको कार्यक्षेत्र यस संस्थाको कार्यक्षेत्र प्रारम्भिक रुपमा आठबीस नगरपालिका भित्र हुनेछ । प्रचलित कानुनको रित पुर्याई सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई नेपालको जुनसुकै स्थानको पनि शाखा कार्यालय खोली कार्य सञ्चालन गर्न सकिनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "संस्था" भन्नाले ......... लाई सम्झिनु पर्दछ।

(ख) "विधान" भन्नाले .............................को विधानलाई सम्झिनु पर्दछ।

(ग) “समिति" भन्नाले यसै विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई सम्झनु पर्दछ।

(घ) “सभा" भन्नाले यस विधानअनुसार बन्ने साधारणसभा र विशेष साधारण सभा............ लाई सम्झिनुपर्दछ।

(ङ) “पदाधिकारी" भन्नाले यस सस्थाको पदाधिकारीलाई सम्झिनुपर्दछ।

(च) “विनियम" भन्नाले यस विधानअन्तगत बन्ने विनियमलाई जनाउछ।

(छ) “तोकिए वा तोकिए वमोजिम" भन्नाले यो र यस बिधानअन्तगत बनेको नियम विनियम वा तोकिएबमोजिम हुनेछ।

(ज) “स्थानीय सरकार" भन्नाले यस आठबीस नगरपालिका लाई सम्झनु पर्नेछ।

(झ) “स्थानीय अधिकारी" भन्नाले यस आठबीस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

(ञ) “सम्बन्धित कार्यालय" भन्नाले यस आठबीस नगरपालिका नगरकार्यपालिकाको कार्यालय वा समय समयमा नेपाल राजपत्रले तोकेको कार्यालयलाई सम्झनु पर्नेछ।

(ट) “सल्लाहकार" भन्नाले यस विधान अन्तर्गत कार्यसमितिले नियुक्त गर्ने सल्लाहकारलाई जनाउने छ।

(ठ) “आर्थिक वर्ष" भन्नाले यस सस्थाको हरेक वर्षको श्रावण १ देखि आषाढ मसान्तसम्म लाई जनाउने छ।

(ड) “सदस्य" भन्नाले यस सस्थाको विधान बमोजिम कुनै पनि सदस्यलाई जनाउने छ।

(ढ) “ऐन" भन्नाले आठबीस नगरपालिकाको संस्था दर्ता ऐन लाई जनाउछ।

**३. संस्थाको छाप र चिन्हः** संस्थाको एउटा छुटै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसूची -१ बमोजिमको ढाँचामा हुनेछ।

तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्था सँग मेल खाएमा संशोधनको प्रकृयाद्वारा तुरुन्त संशोधन गरिनेछ।

## परिच्छेद - २

## उद्देश्य

**४. संघ संस्थाको उद्देश्य यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछः**

(क) यो संस्था मुनाफा रहित जनकल्याणकारी तथा जनहितकारी संस्था हुनेछ ।

(ख)

(ग)

(घ)

(ङ)

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**

क) संस्थाले प्रचलिन नेपाल कानुनबमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, टाईपराईटर, फ्याक्स जस्ता कार्यालय समान तथा सवारीसाधन खरिद गर्न वा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ।

घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैङ्क खाता सञ्चालन गर्नेछ।

ङ) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग संस्थाको उद्देश्यसँग मिल्ने प्रकृत्तिका कार्यक्रममा सहकार्य गर्न सकिने छ।

## परिच्छेद -३

## सदस्यता सम्बन्धी व्यवस्था

**६. सदस्यताको वर्गीकरणः** यस संस्थामा देहायबमोजिम ४ प्रकारका सदस्यहरुको वर्गीकरण गरिएको छ,

(क) साधारण सदस्यः विधानको दफा ७ अनुसार योग्यता भई सदस्य बनेका सदस्यहरु साधारण सदस्य मानिनेछ ।

(ख) आजीवन सदस्यः दफा ७ अनुसार योग्यता भई चल अचल सम्पत्ति कम्तिमा रु... वा सोभन्दा बढी एकमुष्ठ रु. ..... बुझाएमा संस्थाको आजीवन सदस्य रहनेछन् ।

(ग) संस्थापक सदस्यः संस्थाको स्थापना हुदाको समयमा संगठित भई क्रियाशील भएका सदस्यहरु।

(घ) मानार्थ सदस्यः संस्थाको विकासको निम्ति विशेष योगदान दिएको वा दिनेछन भनी संस्थाले प्रदान गर्ने मानार्थ सदस्य। यस्तो सदस्यता प्राप्त गर्ने व्यक्तिवाट कुनै शुल्क लिइने छैन। निजहरुले संस्थाको निर्वाचनमा उम्मेदवारी दिन र मताधिकार प्रयोग गर्न पाउने छैनन्। राय सल्लाह र सुझाव दिन सक्नेछन्।

**७. संस्थाको सदस्य हुन सक्नेः** यस संस्थाको विधान बमोजिम काम गर्न इच्छुक र योग्य भएको जुनसुकै व्यक्ति संस्थाको सदस्य हुन सक्नेछ। तर देहायको कुनै पनि व्यक्ति संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन।

(क) गैरनेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुरा नभएको,

(ग) मानसिक सन्तुलन विग्रिएको,

(ग) दामासाहीमा परेको,

(घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल आनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको,

(ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको,

(च) सदस्य शुल्क बुझाउन बाँकी भएको।

**८. देहायका अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैनः**

(क) दफा ७ बमोजिम सदस्य पदमा नियुक्त हुन अयोग्य भएमा,

(ख) साधारणसभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) संस्थाको काम कार्वाहीमा वेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधानबमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा, कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउने भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ ।

**९. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

(क) परिच्छेद - ३ को दफा ७ अनुसार योग्यता भई साधारण सदस्य हुन चाहनेले संस्थाको सिफारसिमा सदस्यता प्रवेश शुल्क बापत रु. ...../ सहित निवेदन पत्र दिएमा सदस्यता प्रदान गर्न सकिने छ।

(ख) साधारण सदस्यता वार्षिक शुल्क रु. ...../ लाग्ने छ। बर्षको जुनसुकै महिनामा सदस्य बनेमा वा सदस्यता नवीकरण गरे पनि निजले बुझाएको शुल्क त्यसै सालको असाढ मसान्तसम्मको लागि मात्र मान्य हुनेछ। अर्को आर्थिक बर्षको लागि पुनः नियमानुसार प्रत्येक बर्षको असोज मसान्तसम्म नवीकरण गरिसक्नु पर्नेछ।

(ग) सदस्यता प्रदान गर्ने सम्पूर्ण अधिकार कार्य समितिमा रहनेछ तर यसलाई साधारणसभावाट अनुमोदन गराउनु पर्ने छ।

(घ) आजीवन सदस्यता प्रदान गर्न कार्य समितिले सिफारिस गर्नेछ र साधारणसभाले स्विकृत गर्नु पर्नेछ।

## परिच्छेद - ४
## साधाणसभा तथा बैठक सम्बन्धी व्यवस्था

### १०. संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरुः

(१) यस संस्थाको साधारणसभा देहायबमोजिम हुनेछ,

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा।

(२) यस संस्थाको प्रथम साधारण सभा र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गरिनेछ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने मिति, समय र स्थान छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिईनेछ।

(४) उपदफा (३) बमोजिम बोलाइएको साधारण सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ। यस उपदफाको प्रयोजनको लागि गणपूरक संख्या भन्नाले तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको ५१ (एकावन्न) प्रतिशतलाई जनाउने छ।

(५) उपदफा (४) बमोजिम गणपूरक संख्या नपुगी स्थागित भएको साधारण सभा दोस्रो पटकको लागि भने गणपूरक संख्या आवश्यक पर्ने छैन।

### ११. साधारण सभाको काम कर्तव्य र अधिकारः

(क) कार्य समितिको निर्वाचन गर्ने,

(ख) कार्य समितिका पदाधिकारी एवं सदस्यहरु उपर अविश्वासको प्रस्ताव पारित गरी पद मुक्त गर्ने,

(ग) विधानको अधिनमा रही आवश्यक नियमावली स्विकृत गर्ने, दरवन्दी सृजना गर्ने र पारिश्रमिक निर्धारण गर्ने,

(घ) वार्षिक कार्यक्रम र बजेट पारित गर्ने,

(ङ) लेखा परीक्षक नियुक्त गर्ने,

(च) कार्य समितिलाई आवश्यक निर्देशन दिने,

(छ) विधानबमोजिम अन्य कार्य गर्ने,

(ज) संस्थाको सर्वोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने गराउने।

**१२. कार्य समितिः**

(क) कार्य समितिको गठन साधारण सभाबाट हुनेछ। तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्नबमोजिम पदाधिकारी तथा सदस्य रहेको तदर्थ कार्य समिति रहने छ। कार्यसमितिको संख्या ऐनको दफा ४ अनुसार (९ देखि १५) आवश्यक पदाधिकारी राखि तलको ढाँचामा हुनु पर्नेछ।

(१) अध्यक्ष -१ जना

(२) उपाध्यक्ष -१ जना

(३) सचिव -१ जना

(४) कोषाध्यक्ष -१ जना

(५) सदस्य - घटिमा ५ बढिमा ११ जना

(ख) कार्य समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ। समितिमा कम्तिमा ३३% (तेत्तीस प्रतिशत) महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ।

(ग) कार्य समितिको कार्यकाल २ (दुई) वर्षको हुनेछ।

(घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ। कुनै सदस्यको पद विचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्यको पद रिक्त भई नियुक्त भएको हो सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ।

(ङ) कार्य समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले बोलाउनेछ। कुनै विषयमा तत्काल छलफल गर्न आवश्यक छ भनि कार्य समितिमा रहेका कूल सदस्य संख्याको ४० (चालिस) प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ।

(च) कार्य समितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ।

(छ) सदस्यहरुको कूल संख्याको कम्तिमा ५१ (एकावन्न) प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुनेछैन।

(ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(ञ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णय बाट हुनेछ।

## परिच्छेद - ६
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१३. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार,

(क) कार्य समितिको बैठक सञ्चालन गर्ने,

(ख) बैठकमा निर्णायक मत दिने,

(ग) साधारण सभाले पारित गरेका निर्णयहरुको कार्यान्वयन र रेखदेख गर्ने गराउने,

(घ) संस्थाको सम्पूर्ण सम्पत्तिको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने,

(ङ) विभिन्न संस्था वा अन्य निकायसँगको सम्बन्धमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने,

(च) संस्थाको पदाधिकारी एवं सदस्यहरुको जिम्मेवारी बाँडफाँड गर्ने,

(छ) संस्थाको उद्देश्य प्राप्तिको लागि अन्य कार्य गर्ने।

(ज) साधारणसभाले तोकेका अन्य कार्यहरु गर्ने गराउने।

**(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार,**

(क) अध्यक्षको अनुपस्थितिमा कार्यकारिणी समितिको अध्यक्षता गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने गराउने,

(ग) साधारणसभाले तोकेका र अध्यक्षद्वारा प्रत्यायोजित कार्य गर्ने।

**(३) सचिवको काम, कर्तव्य र अधिकार,**

(क) अध्यक्षको निर्देशनमा साधारण सभाको र कार्यकारिणी समितिको बैठक बोलाउने,

(ख) संस्थाको दैनिक प्रशासकीय कार्य गर्ने,

(ग) संस्थाको रेखदेख, नियन्त्रण निर्देशन गर्ने तथा विभिन्न व्यक्ति एवं निकायसँग सम्बन्ध राख्ने र पत्राचार गर्ने,

(घ) साधारण सभामा कार्यकारिणी समितिको तर्फबाट पेश गर्नुपर्ने वार्षिक प्रगति प्रतिवेदन, भावी योजना तथा कार्यक्रम प्रस्तुत गर्ने,

(ङ) साधारण सभा र कार्यकारिणी समितिको निर्णयबमोजिम कार्य गर्ने गराउने,

(च) संस्थाको बिल, भौचर, दर्ता, चलानी तथा अन्य आवश्यक कागजात सुरक्षित र पारदर्शिताका साथ राख्ने, राख्न लगाउने,

(छ) बैठकको कार्यसूची तयार गर्ने, सूचना गर्ने, बैठकको निर्णय पुस्तिका लेख्ने र सुरक्षित राख्ने।

**(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार,**

(क) संस्थाको हिसाब श्रेस्ता दुरुस्त राख्ने,

(ख) आर्थिक प्रतिवेदन तयार गरी साधारण सभा तथा कार्यकारिणी समितिमा पेश गर्ने,

(ग) आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,

(घ) आर्थिक हिसाब पारदर्शी रुपमा दुरुस्त राख्ने,

(ङ) बैङ्कमा खाता खोली कोष स्थापना गर्ने र संस्थाको चल अचल सम्पत्तिको संरक्षण सम्बर्द्धन र सदुपयोग गर्ने

(च) प्रत्येक आर्थिक वर्षको हिसावको लेखापरीक्षण गराउने,

(छ) साधारणसभाले तोकेका अन्य कार्य गर्ने गराउने।

**(६) सदस्यको काम, कर्तव्य र अधिकार,**

(क) नियमित बैठकमा उपस्थित भई सक्रिय रुपमा छलफलमा भाग लिने,

(ख) कार्यकारिणी समितिले दिएको जिम्मेवारी तदारुक्ताका साथ निर्वाह गर्ने,

(ग) संस्थाको उद्देश्य बमोजिमको कार्य गर्न क्रियाशील रहने,

(घ) तोकिए बमोजिमका अन्य कामहरु गर्ने।

**१४. संस्थाको कोषः**

(१) संस्थाको आफ्नै छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछन।

(क) सदस्यता शुल्क वाफत प्राप्त रकम,

(ख) कसैले स्वच्छाले दिएको दान रकम,

ग) विभिन्न अनुदान कार्यक्रम वापतको रकम र ऋण रकम।

(२) विदेशी संघ संस्थाबाट अनुदान रकम लिने भए संस्थाले नेपाल सरकारको पूर्वस्वीकृती लिनु पर्नेछ।

**१५. खाता सञ्चालनः** संस्थाको अध्यक्ष र सचिव मध्ये एक जना र कोषाध्यक्ष सहित २ जनाको संयुक्त दस्तखतवाट खाता सञ्चालन हुनेछ। प्रचलित ऐन नियमानुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने छ।

**१६. संस्थाको लेखा र लेखापरीक्षणः**

(१) संस्थाको आयव्ययको लेखा प्रचलित कानुनबमोजिम राखिने छ।

(२) संस्थाको लेखापरीक्षण प्रचलित कानुनबमोजिम रजिष्टर्ड लेखापरीक्षक बाट हुनेछ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाव किताब जाँच्न वा जँचाउन सक्नेछ।

(४) लेखापरीक्षको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ। प्रथम साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति समितिवाट हुनेछ। लेखापरीक्षकको वार्षिक प्रतिवेदन स्थानीय सरकार लगायत अन्य निकायमा पेश गरिनेछ।

## परिच्छेद - ७
## निर्वाचन सम्बन्धी व्यवस्था

### १७. निर्वाचन सम्बन्धी व्यवस्थाः

(क) कार्य समितिको पदावधि समाप्त हुनुभन्दा एक महिना अगाडी कार्य समितिले एक जना निर्वाचन अधिकृत र २ जना सहायक गरि तीन जना मनोनयन गरि निजद्वारा निर्वाचनको व्यवस्था गर्नेछ। संस्था दर्ता भएको ६ महिनाभित्र विधान अनुसार साधारण सभा गराई सो को जानकारी स्थानीय सरकार लाई दिनु पर्नेछ।

(ख) निर्वाचन गर्नु पर्दा एउटा निर्वाचन समिति गठन गरिनेछ। त्यस्तो निर्वाचन समितिले निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि आफै व्यवस्थित गर्नेछ।

(ग) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

(घ) निर्वाचन सम्पन्न भएपछि सो समिति स्वतः विघटन भएको मानिनेछ ।

(ङ) निर्वाचन समितिमा रहेका व्यक्तिले उम्मेदवारी दिन पाउने छैनन् तर आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछ।

### १८. उम्मेदवार हुनका लागि योग्यताः

(क) संस्थाको सदस्य हुनुपर्नेछ,

(ख) कुनै कानुनद्वारा अयोग्य नठहरिएको,

(ग) संस्थाको उद्देश्य वमोजिम काम गर्न प्रतिवद्ध रहेको।

### १९. अविश्वासको प्रस्तावः

(क) कार्य समिति वा अन्य कुनै समितिको कुनै पदाधिकारी उपर विश्वास छैन भने कुल सदस्य संख्याको १/३ (एक तिहाइ) सदस्यले अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन। त्यस्तो प्रस्ताव माथि छलफल गरि उक्त प्रस्ताव लाई ३५ (पैंतिस) दिन भित्र विशेष साधारण सभा बोलाउने छ र २/३ (दुई तिहाई) बहुमतबाट अविश्वासको प्रस्ताव पारित भए कार्य समिति वा समितिको पदाधिकारी वा सदस्य पद मुक्त हुनेछन। आरोपित व्यक्तिलाई १५ (पन्ध्र) दिन भित्र आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ। तोकिएको समयमा आफ्नो सफाई पेश नगरेमा निज स्वतः पद मुक्त हुनेछन।

**२०. विधान संशोधनः** कुल सदस्य संख्याको २ तिहाइ सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजीका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। स्थानीय अधिकारी बाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको वा विधान संशोधन भएको मानिनेछ।

**२१. विनियम बनाउन सक्नेः** संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारी लाई दिनु पर्नेछ।

**२२. तदर्थ समितिः-** यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र विधान अनुसारको कार्य समितिको निर्वाचन सम्बन्धी कार्य गर्नुपर्नेछ। सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भए गरेको मानिने छ।

**२३. संस्था खारेजीः**

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्वेडेटर, संस्थाको हिसाब किताब जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखापरीक्षकहरु नियुक्त गर्न सक्नेछ। लिक्वेडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकेबमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्वेडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कार्वाही गर्नेछन्।

(४) विविध कारणवश संस्था विघटन भएमा यसको चल अचल सम्पत्ति स्थानीय सरकारको हुनेछ।

**२४. ऐन अनुसार हुनेः** यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुनबमोजिम हुनेछन् र यस ऐनमा भएका व्यवस्थाहरु संघीय र प्रदेश कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निष्कृय हुनेछन।

**२५. ऐन, नियमको पालना गर्नेः** स्थानीय सरकारबाट जारी गरिएका ऐन, नियम र निर्देशनको संस्थाले पूर्ण रुपमा पालना गर्नेछ।

**२६. संस्थापकहरुको मन्जुरीः** हामी संस्थाका निम्न संस्थापकहरु तपसिल बमोजिमका साँक्षी सहित यस विधानबमोजिम कार्य गर्न मन्जुर भई विधानमा सहिछाप गर्दछौं।

**पदाधिकारीको विवरणः** **साँक्षीको विवरणः**

| | |
|---|---|
| नामथरः<br>पदः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः | नामथरः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः |
| नामथरः<br>पदः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः | नामथरः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः |
| नामथरः<br>पदः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः | नामथरः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः |
| नामथरः<br>पदः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः | नामथरः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः |

| | |
|---|---|
| नामथरः<br>पदः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः | नामथरः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः |
| नामथरः<br>पदः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः | नामथरः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः |
| नामथरः<br>पदः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः | नामथरः<br>ठेगानाः<br>बुवाको नामथरः<br>बाजे/श्रीमानको नामथरः<br>नेपाली नागरिकता प्रमाण पत्र नं.<br>जारी जिल्ला र जारी मितिः<br>हस्ताक्षरः<br>मितिः |

| क्र.सं. | पदाधिकारीको नामथर | पद | ठेगाना | उमेर | सम्पर्क नम्बर | फोटो र हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विधानको अनुसूची (१)

छाप अण्डाकार /गोलाकार वा ......... हुनेछ।

(२) भित्रको घेराको वरीपरी. .........लेखिएको हुनेछ।

(३) छापको स्थानमा स्थापना मिति २०. हुनेछ।

(४) अन्य कुनै चिन्ह वा विवरण भए सोही अनुसार व्याख्या गर्ने हुनेछ।

(५) तपशिल अनुसारको हुने भनि उल्लेखित विवरण अनुसारको छाप रेखा चिन्हमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ।

छाप

आज्ञाले
बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत